दफा ४ तथा अनुसूची-१ को भाग-२ संग सम्बन्धित

# स्थानीय राजपत्र

## मनहरी गाउँपालिकाबाट प्रकाशित

खण्ड : ८ संख्या : ०२ स्वीकृत मिति: २०८१/०२/२०

भाग - २

**मनहरी गाउँपालिका**

# अनुदान, राहत तथा आर्थिक सहायता व्यवस्थापन कार्यविधि, २०८१

# अनुदान, राहत तथा आर्थिक सहायता व्यवस्थापन कार्यविधि, २०८१

### प्रस्तावना

गाउँपालिका क्षेत्रभित्र हुने प्राकृतिक तथा गैर प्राकृतिक विपदवाट पिडत, अत्यन्तै न्युन आर्थिक स्थिति भएका दीर्घरोगी तथा आर्थिक रुपले विपन्न परिवारको संरक्षणमा दिइने राहत तथा आर्थिक सहायतालाइ र विभिन्न निकाय तथा संघ संस्थालाइ दिइने अनुदानलाइ प्रभावकारी र मितव्ययी तथा व्यवस्थित गर्न आवश्यक देखि अनुदान, राहत तथा आर्थिक सहायता व्यवस्थापन कार्यविधि बनाउन वाञ्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ तथा मनहरी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ बमोजिम मनहरी गाउँकार्यपालिकाले यो कार्यविधि तर्जुमा गरेकोछ ।

### परिच्छेद १

### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "अनुदान, राहत तथा आर्थिक सहायता व्यवस्थापन कार्यविधि २०८१" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भए पछि लागु गरिनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यविधि" भन्नाले मनहरी गाउँपालिकाको "अनुदान, राहत तथा आर्थिक सहायता व्यवस्थापन कार्यविधि २०८१"सम्झनु पर्दछ ।

ख) "गाउँपालिका" भन्नाले मनहरी गाउँपालिका सम्झनु पर्दछ ।

ग) "कार्यपालिका" भन्नाले मनहरी गाउँपालिका गाउँ कार्यपालिकालाई बुझ्नुपर्छ ।

घ) " कार्यालय" भन्नाले मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ङ) "अनुदान" भन्नाले विद्यालय, गैर सरकारी संघ संस्था, सामुदायिक क्याम्पस, समितिलाई निश्चित काम गर्नको लागि गाउँपालिकावाट दिइने अनुदान सम्झनु पर्दछ ।

च) "राहत" भन्नाले भुकम्प, बाढि, पहिरो, आगलागी, माहामारी र वन्यजन्तुको आक्रमण जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद्जन्य घटनावाट प्रभावित व्यक्ति वा संघ संस्थालाई तत्काल उद्धार गर्न तथा क्षतिमा आंशिक सहयोग गर्न तत्काल दिइने नगद वा जिन्सि सहयोगलाई सम्झनु पर्दछ

छ) "आर्थिक सहायता" भन्नाले मानवीय जिवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर, मस्तिष्कघात तथा पक्षघात जस्ता दीर्घरोगबाट पिडित तथा व्यक्तिहरुको लागि तथा विपन्न परिवारको औषधि उपचार तथा अन्य संरक्षणको लागि तत्काल गरिने नगद आर्थिक सहायतालाई बुझ्नुपर्छ ।

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद २

### अनुदान तथा राहत

३. अनुदानः (१) गाउँपलिकाले विद्यालय, गैर नाफामुलक संस्था सरकारी संघ संस्था, समितिलाई निश्चित कार्य गर्नको लागि अनुदानको रुपमा रकम उपलब्ध गराउन सक्नेछ ।

(२) उप दफा (१) बमोजिम अनुदान प्राप्त गर्नको लागि सामुदायिक विद्यालय वा सामुदायिक क्याम्पस को हकमा विद्यालय तथा शिक्षा शाखाले र अन्यको हकमा सम्बन्धित संघ संस्था समितिले गाउँपालिकामा रकम माग गर्नुको उद्देश्य सहित प्रस्ताव पेश गर्नु पर्दछ ।

(३) उप दफा (२) बमोजिम प्रस्ताव प्राप्त भए पछि कार्यपालिकाले पुर्ण वा आंशिक अनुदान दिने निर्णय गर्न सक्दछ वा प्रस्ताव अस्विकार गर्न सक्दछ ।

(४) उप दफा (३) बमोजिम कार्यपालिकाबाट निर्णय भएपछि कार्यालयले अनुदान रकम उपलब्ध गराउनेछ ।अनुदान रकम उपयोगको प्रगति अनुदान रकम लिनेले गाउँपालिकामा पेश गर्नु पर्दछ ।

४. राहतः (१) गाउँपालिकाले भुकम्प, बाढि, पहिरो, आगलागी, माहामारी र वन्यजन्तुको आक्रमण जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद्जन्य घटनाबाट प्रभावित व्यक्ति वा संघ संस्थालाइ तत्काल उद्धार गर्न तथा क्षतिमा आंशिक सहयोग गर्न राहत स्वरुप तत्काल नगद वा जिन्सि सहयोग उपलब्ध गराउनेछ ।

(२) उप दफा (२) बमोजिम राहत उपलब्ध गराउँदा अवश्यकता अनुसार प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारिस लगायत कार्यालयले मागेका अन्य कागजातका साथ निवेदन दिनु पर्नेछ । तर तुरुन्त राहत नदिंदा थप क्षति हुने वा मानवीय संकट पर्ने अवस्थामा तुरुन्त राहत वितरण गरी कागजात पछि जुटाउन सकिनेछ ।

(३) यस दफा बमोजिम गरिने राहत सहयोग आकस्मिक कोषबाट खर्च गरिनेछ र उक्त शिर्षकमा रकम अभाव भएमा गाउँपलिकाको विपद् शिर्षकबाट खर्च गरिनेछ ।

(४) राहत खर्च हुने क्षेत्रः (१) दफा ९ बमोजिमको गाउँपालिका स्तरीय राहत तथा आर्थिक सहायता समितिको निर्णयबाट यस दफा बमोजिम देहाय अनुसारको राहत सहयोग उपलब्ध गराउन सकिनेछ ।

| क्र.सं. | आर्थिक सहयोग गर्ने क्षेत्र (क्षतीको विवरण) | सामाग्री तथा नगद सहयोग | |
|---|---|---|---|
| | | तत्काल उपलब्ध गराउने राहत सामाग्री | सहयोग गर्ने रकम |
| १ | घर र गोठ दुवै जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा | पाल थान १, खाना पकाउने तथा खाने भाँडा १ सेट, १ हप्ताको लागि आवश्यक पर्ने खाद्यान्न | पूर्ण क्षति ३०,०००/-<br>आंशिक क्षति १५,०००/- |
| २ | घर जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट | | पूर्ण क्षति २०,०००/-<br>आंशिक क्षति १०,०००/- |
| ३ | घर र गोठ दुवै जलेर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा र मानिसको समेत मृत्यु भएमा | | ८०,०००/- ( प्रहरी सर्जमिन मुचुल्का/ फोटो |

| | | | |
|---|---|---|---|
| ४ | घर र गोठ दुवै जलेर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा र पशुको समेत मृत्यु भएमा | | पूर्ण क्षति ३०,०००/- आशिक क्षति १५,०००/- |
| ५ | गोठ मात्र जलेर र पशुको समेत मृत्यु भएमा | ,, | पूर्ण क्षति १०,०००/- आशिक क्षति ५,०००/- |
| ६ | प्राकृतिक प्रकोप तथा दुर्घटनामा परी घाइते भएका व्यक्तिको लागि अस्पताल गई उपचार गर्न सहयोग | एम्बुलेन्स खर्च निशुल्क | अवस्था हेरी बढीमा रु ५,०००/- दिन सकिने । |
| ७ | जंगली जनावरको आक्रमणवाट अंग भंग भइ घाइते भएमा | एम्बुलेन्स खर्च निशुल्क | घटनाको प्रकृति बमोजिम २०,०००/- मा नबढ्ने गरी |
| ८ | प्राकृतिक प्रकोप विपद्जन्य घटना तथा जंगली जनावरको आक्रमणवाट मृत्यु भएमा | एम्बुलेन्स खर्च निशुल्क | ५०,०००/- |

(५) उप दफा (४) बमोजिम भन्दा बढी खर्च गर्न कार्यपालिकाको निर्णय आवश्यक हुनेछ ।

## परिच्छेद ३
## आर्थिक सहायता

५. आर्थिक सहायता: (१) विभिन्न जटिल तथा दीर्घरोग जस्तैः क्यान्सर, मुटु रोग, मृगौला रोग, पक्षघात तथा मत्सिष्कघात जस्ता रोग लागि उपचार प्राप्त गर्न समस्यामा परेका गरिव/विपन्न सदस्यको लागि गाउँपालिकाले आर्थीक सहयोग गर्न सक्नेछ । र एक आ.व. मा बढीमा दुई पटक सम्म निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउन सक्नेछ ।

(२) माथि तोकेको बाहेकको रोगको हकमा वडा कार्यालयको सिफारिसमा अध्यक्षज्यूको तोक आदेशमा रु ५,०००/- बनढ्ने गरी आर्थिक सहायता प्रदान गर्ने

(३) उप दफा (१) बमोजिम सहयोग गर्दा रोगको प्रकृति र निजको आर्थिक अवस्था हेरी गाउँपालिकाले आर्थक सहयोग गर्न सक्नेछ ।

६. निवेदन दिनु पर्ने : (१) यस कार्यविधि बमोजिम आर्थिक सहायता प्राप्त गर्न अनुसूची १ अनुसारको ढाँचामा सम्बन्धित व्यक्तीले वा बाबु अमाले वा संरक्षकले गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन सम्बन्धित वडा कार्यालयमा पनि दिन सकिनेछ । तर वडा कार्यालयले उक्त सक्कलै निवेदन सिफारिस साथ गाउँपालिकामा पठाउनु पर्दछ ।

(३) निवेदनका साथ देहयका विवरण संलग्न गर्नु पर्नेछ,

क) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

ख) निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि वा नाबालकको हकमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि

ग) गाउँपालिकाको स्थायी बसोबास खुलेको कागजात

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर

८. निर्णय प्रक्रिया : (१) यस कार्यविधि बमोजिम एक आर्थिक बर्षमा एक पटक मात्र सहयोग दिने गरि निर्णय गर्न सकिनेछ ।

(२) उप दफा (१) बमोजिम निर्णय गर्दा देहाय अनुसारको निर्णय गरि आर्थिक सहयोग रकम उपलब्ध गराउन सकिनेछ ।

(क) पाँच हजार रुपैंया सम्म गाउँपालिका अध्यक्षको तोक आदेशवाट रकम भुक्तानी गरिनेछ ।

(ख) पाँच हजार भन्दा वढी बीस हजार रुपैंया सम्म दफा ९ बमोजिमको गाउँपालिका स्तरीय राहत तथा आर्थिक सहायता समितिको निर्णयवाट रकम भुक्तानी गरिनेछ ।

(ग) बीस हजार रुपैंया भन्दा वढी रकम कार्यपालिकाको निर्णयवाट रकम भुक्तानी गरिनेछ ।

९. गाउँपालिका स्तरीय राहत तथा आर्थिक सहायता समितिः (१) दफा ४ र दफा ८ (२) ख को प्रयोजनको लागि आवश्यक निर्णय गर्न देहाय बमोजिमको एक गाउँपालिका स्तरीय आर्थिक सहायता समिति रहनेछ ।

(क) संयोजक - गाउँपालिका अध्यक्ष
(ख) सदस्य - गाउँपालिका उपाध्यक्ष
(ग) सदस्य - प्रमुख प्रशासकीय अधिकृत
(घ) सदस्य - सामाजिक विकास समिति संयोजक
(ङ) सदस्य - आर्थिक प्रशासन शाखा प्रमुख
(च) सदस्य सचिव - सामाजिक विकास शाखा प्रमुख

तर विपदजन्य राहतको निर्णय गर्दा वन वातावरण तथा विपद समिति संयोजक, वन वातावरण तथा विपद व्यवस्थापन उप शाखा प्रमुख र नगर प्रहरी प्रमुख पदेन सदस्य रहने छन् ।

१०. बचाउ र खारेजी :-

क) कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन गर्न सक्नेछ ।

ख) यस कार्यविधिमा कुनै संशोधन भएमा सो संशोधन भन्दा अघि कार्यविधि बमोजिम भएका कार्यमा कुनै असर पर्ने छैन ।

ग) यो कार्यविधिमा कुनै व्यवस्था प्रचलित कानूनको व्यवस्थासँग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया,मकवानपुर
बागमती प्रदेश,नेपाल

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

अनुसूची १
कार्यविधिको दफा ६ उप दफा (१) सँग सम्बन्धित
निवेदनको ढाँचा

श्री मनहरी गाउँपलिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया मकवानपुर ।

विषयः आर्थिक सहायता सहयोग पाँउ

महोदय,
बागमती प्रदेश मकवानपुर जिल्ला मनहरी गाउँपालिका वडा नं .....स्थायी बसोबास गर्ने श्री ...................................कोछोरा/छोरी/बाबु/आमा/पति/पत्नी म ............................................... अनाथ/असहाय/अशक्त/विपन्न परिवारको भएकोले आवश्यक कागजात यसै साथ संलग्न राखी ...............................रोगको उपचार भैरहेको/भएको/गर्नु पर्ने भएकोले/संरक्षणको लागि नियमानुसारको आर्थिक सहायता सहयोग उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु । चालु आर्थिक वर्षमा यस उल्लेखित कार्य प्रयोजनको लागि यस कार्यालयवाट कुनै सहयोग प्रप्त नगरेको व्यहोरा पनि अनुरोध गर्दछु ।

निवेदक
दस्तखतः
नामः
ठेगानाः
सम्पर्क नंः

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया,मकवानपुर
बागमती प्रदेश, नेपाल

रमेश चुवेदी
प्रमुख प्रशासकीय अधिकृत

......................
प्रमाणित गर्ने
रन्जन कालाखेती
गाउँपालिका अध्यक्ष

रन्जन कालाखेती
अध्यक्ष